म्यागङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

देउराली, नुवाकोट

२०७३

बागमती प्रदेश

मितिः २०७७/०५/०९

## घर भाडामा लिने सम्बन्धी सूचना ।

यस म्यागङ गाँउपालिकाको लागि तपशिल बमोजिमको न्युनतम सुबिधा तथा शर्तहरु पुरा भएको घर वा फ्याल्ट भाडामा लिन आवश्यक परेकोले ईच्छुक घर धनीले तपशिल अनुसारको कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ७ (सात)दिन भित्र सिलबन्दी प्रस्ताब गाँउपालिकामा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

शर्तहरु :

१.प्रस्ताब गर्ने घरमा कम्तिमा ४ कोठा भएको र बाथरुम, सडक तथा पार्किङको सुबिधा, धारा पानी र बिजुलीको राम्रो ब्यबस्था तथा कम्पाउन्ड लगाएको हुनुपर्ने छ ।

२.भाडामा दिने घर म्यागङ गाउँपालिका कार्यालयको १०० मिटर आसपास हुनुपर्ने छ ।

३.निवेदनको साथ घर भएको जग्गाको जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि, आब २०७६/०७७ सम्मको सम्पति कर तिरेको रसिदको प्रतिलिपि, मालपोत कर तिरेको रसिदको प्रतिलिपि र घर धनीको नागरिकता प्रमाणपत्र को प्रतिलिपि संलग्न गर्नुपर्ने छ ।

४.प्रस्तावित मासिक घरभाडा रकम अंक र अक्षर दूबैमा खुलाई पेश गर्नुपर्नेछ। साथै घरबहाल कर घरधनी स्वयंले ब्यहोर्नुपर्नेछ ।

५.प्रस्ताब पेश गदा घर धनी आफै वा कानुन बमोजिमको वारेस मार्फत गर्नुपर्नेछ ।

६.प्रस्ताव पेश गर्ने अन्तिम मिति : २०७७/०५/१५ गते कार्यालय समय सम्म हुने छ ।

७.प्रस्ताव पेश गर्ने स्थान :म्यागङ गाँउपालिकाको कार्यालय

८.प्रस्ताव स्विकृत गर्ने/नगर्ने लगायतका अन्य कुरा गाँउपालिकाको निर्णय अनुसार हुने छ ।

९.थप कुराबुझ्नूपर्ने भएमा गाँउपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत